अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सञ्चालनका लागि साकेला गाउँपालिका र करूणा फाउण्डेसन नेपालबीच भएको

# सम्झौता-पत्र

नेपालको संविधान २०७२, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, २००६ तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन, २०७४ कार्यान्वयन गरी अपाङ्गता भएका व्यक्तिहरूको सम्मानपूर्वक बाँच्न पाउने अधिकार प्राप्तिका निमित्त प्रदेश सरकारद्वारा जारी गरिएको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम (सञ्चालन) निर्देशिका, २०७६ (यसपछि "निर्देशिका" भनिएको) र सो निर्देशिका बमोजिम सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश र करूणा फाउण्डेसन नेपालकाबीच मिति २०७६/०६/०८ गते भएको सम्झौता बमोजिम सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, (यसपछि "मन्त्रालय" भनिएको) कोशी प्रदेशका स्थानीय तहहरू तथा साझेदार संस्था करूणा फाउण्डेसन नेपालको लागत साझेदारीमा सञ्चालन हुने अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम (यसपछि "कार्यक्रम" भनिएको) साकेला गाउँपालिकामा सञ्चालन गर्न तपसिलमा उल्लिखित दफा १ देखि ९ सम्मका शर्तहरूको अधिनमा रही साकेला गाउँपालिकामा (यसपछि "पालिका") र करूणा फाउण्डेसन नेपाल, बालुवाटार, काठमाडौं (यसपछि "साझेदार संस्था" भनिएको) बीच आज मिति २०८० माघ २ गतेका दिन पालिकाको कार्यालयमा निम्न साक्षीहरूको रोहवरमा यो सम्झौता गरी एक/एक प्रति एक आपसमा बुझी लियौं/ दियौं।

## सम्झौताका शर्तहरू

१. स्वामित्व

कार्यक्रम पालिकाको पूर्ण स्वामित्वमा सञ्चालन हुनेछ ।

२. कार्यक्रमको अवधि

पालिकामा कार्यक्रम वि.सं. २०८०/१०/०१ गतेबाट सुरू भई २०८३ पौष मसान्तसम्म सञ्चालन हुनेछ। यही ३ वर्षको अवधि नै कार्यक्रमको सम्झौता अवधि हुनेछ ।

३. लागत साझेदारी

(क) कार्यक्रमका लागि निर्देशिकामा भएको व्यवस्था बमोजिम पहिलो दुई वर्षसम्म साझेदार संस्थाले मन्त्रालय र पालिकासँगै एक/एक तिहाई लागत साझेदारी गर्नेछ। कार्यक्रम सञ्चालनको तेस्रो वर्षमा भने पालिकाले मन्त्रालयसँग मात्र लागत साझेदारी गर्नेछ र साझेदार संस्थाले कार्यक्रम सञ्चालनका लागि पालिकालाई प्राविधिक सहयोग उपलब्ध गराउने छ ।

(ख) साझेदार संस्थाले कार्यक्रम सञ्चालनको पूर्वतयारीका लागि गर्नुपर्ने क्रियाकलापहरू स्थानीय तहहरू र मन्त्रालयसँगको समन्वयमा सम्पन्न गर्नेछ । यसरी कार्यक्रम सञ्चालनको पूर्वतयारीका कामहरू सम्पन्न गर्न लाग्ने खर्च करुणा फाउण्डेसन नेपालले सिधै सम्बन्धित पक्षहरूलाई भुक्तानी गर्नेछ। यस्तो पूर्वतयारीको

अवधिमा पालिकाका लागि भएको खर्चको प्रगति साझेदार संस्थाले पालिकालाई प्रतिवेदन गर्नेछ र सो को बोधार्थ मन्त्रालयलाई समेत दिनेछ ।

(ग) कार्यक्रमको बजेट तथा कार्यक्रम पालिकाबाट पेश भएको प्रस्तावका आधारमा मन्त्रालयमा रहेको कार्यक्रम निर्देशक तथा सहजीकरण समितिले स्वीकृत गरे बमोजिम हुनेछ ।

(घ) पालिकाले प्रत्येक आ.व. का लागि वार्षिक बजेट तथा कार्यक्रम मन्त्रालयसमक्ष अघिल्लो आ.व. को चैत्र महिनाको दोश्रो हप्ता भित्र पेश गर्नेछ। यसरी वार्षिक बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा स्वीकृत बजेटको सीमा नबढ्ने गरी अपाङ्गता भएका व्यक्तिहरूको संस्था र कार्यक्रमका अन्य सरोकारवालाहरूको सहभागितामा कार्यक्रमको उद्देश्य प्राप्तिका लागि वार्षिक कार्ययोजना र बजेट निर्धारण गर्नेछ ।

(ङ) कार्यक्रमका लागि स्वीकृत वार्षिक बजेट मध्ये साझेदार संस्थाबाट बेहोर्नु पर्ने एक तिहाई रकम पहिलो त्रैमासिकमा पालिकाले योजना गरे अनुसार र बाँकी त्रैमासिकहरूमा कार्य प्रगति तथा खर्चका आधारमा पालिकाको नाममा रहेको संचित कोषमा जम्मा गरिने छ ।

४. लेखाङ्कन र लेखा परीक्षण

पालिकाको सञ्चित कोषमा मन्त्रालय र साझेदार संस्थाबाट प्राप्त रकमको लेखाङ्कन र लेखा परीक्षण नेपाल सरकारको प्रचलित कानून बमोजिम गराउनुपर्ने दायित्व पालिकाको हुनेछ। कार्यक्रम अन्तर्गत पालिकाले गर्ने खर्चलाई सुत्र प्रणालीमा कृयाकलापगत रुपमा लेखा राखि प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ ।

५. कार्यक्रम सञ्चालनका मार्गदर्शन

(क) पालिकाले कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, समीक्षा तथा अनुगमन जस्ता हरेक कृयाकलापहरू अपाङ्गता भएका व्यक्तिहरूका संस्थाका प्रतिनिधिहरू लगायत लक्षित वर्गहरूको अनिवार्य सहभागितामा सम्पन्न गर्नेछ ।

(ख) पालिकाले अपाङ्गता भएका व्यक्तिहरूलाई पुनःस्थापना सेवा दिनका लागि मन्त्रालयले जारी गरेको समुदायमा आधारित पुनःस्थापना सहजकर्ता छनोट सम्बन्धी मार्गदर्शन, २०८० बमोजिमको प्रक्रिया पुरा गरी समुदायमा आधारित पुनःस्थापना सहजकर्ता नियुक्ति गर्नेछ ।

(ग) पालिकाले अपाङ्गता भएका व्यक्तिहरूलाई परामर्श तथा सेवा प्रवाहमा सहजिकरण गर्नका लागि मन्त्रालयले जारी गरेको अपाङ्गता सहजकर्ता छनोट सम्बन्धी मार्गदर्शन, २०७९ बमोजिमको प्रक्रिया पुरा गरी अपाङ्गता सहायता सहजकर्ता नियुक्ति गर्नेछ। यसरी नियुक्त भएका सहजकर्ताहरुलाई पालिकाले आवश्यक्ता अनुसार समुदायमा आधारित पुनःस्थापना सहजकर्ताहरुको जिम्मेवारी समेत प्रदान गर्न सक्नेछ ।

(घ) पालिकाले अपाङ्गता भएका व्यक्तिहरूको संस्था एवं समूहहरू, समुदायमा आधारित पुनःस्थापना सहजकर्ताहरू र अपाङ्गता सहायता सहजकर्ता परिचालन गरी कार्यक्रम सञ्चालन गर्नेछ । स्वास्थ्य उपचार र सहायक सामग्री वितरण, समावेशी शिक्षा, जीविकोपार्जन, सामाजिकीकरण, सशक्तीकरण जस्ता

क्रियाकलापहरू पालिका भित्र रहेका अपाङ्गता भएका व्यक्तिहरूको संस्थाहरूसँगको समन्वयमा सञ्चालन गर्नेछ ।

(ङ) कार्यक्रमको कार्यान्वयनका लागि दुवै पक्षबाट राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, कोशी प्रदेश समितिसँग आवश्यक समन्वय र सहकार्य गर्न सकिने छ ।

(च) अपाङ्गता भएका व्यक्तिहरूको संस्था/समूहहरू गठन र उनीहरूको सशक्तीकरण, जनचेतना साथै सबैको पहुँचयुक्त भौतिक संरचना र वातावरणको लागि राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, कोशी प्रदेश समिति र पालिकामा रहेका अपाङ्गता भएका व्यक्तिहरूको संस्थाको सहयोग तथा सहजीकरणमा गर्न सकिने छ ।

(छ) पालिकाले कार्यक्रम अवधिभरमा पालिका भित्र रहेका सार्वजनिक भवनहरू तथा स्थलहरूलाइ सबैको पहुँचयुक्त बनाई पहुँचयुक्त स्थानीय तहका रूपमा आफ्नो पालिका घोषणाको लागि पहलकदमी लिन सकिने।

(ज) प्रथम पक्षले यो सम्झौता बमोजिम कार्यक्रमको अवधि सकिए पश्चात पनि कोशी प्रदेश सरकार, संघिय सरकार तथा अन्य साझेदारहरुको सहयोगमा कार्यक्रमलाई निरन्तरता दिन सकिने छ ।

## ६. सर्वेक्षण, समीक्षा, मूल्याङ्कन तथा प्रतिवेदन

(क) साझेदार संस्थाले कार्यक्रमको आधारभूत सर्वेक्षण, मध्यावधि मूल्याङ्कन तथा अन्तिम प्रभाव मूल्याङ्कन गर्न छनोट गरेको अन्तर्राष्ट्रिय संस्थाले गर्ने स्थलगत भ्रमण तथ्याङ्क तथा जानकारी सङ्कलन, अन्तर्वार्ता, शोध लगायतका कार्यका लागि पालिकाले आवश्यक सहयोग उपलब्ध गराउने छ ।

(ख) पालिकाले कार्यक्रमको उपलब्धि, चुनौती र अवसरहरूको समीक्षा गर्न साझेदार संस्था, अपाङ्गता भएका व्यक्तिहरूका संस्था लगायत अन्य सरोकारवालाहरूको सहभागितामा पालिकास्तरीय वार्षिक समीक्षा/पुनरावलोकन बैठक आयोजना गर्नेछ । साथै, कार्यक्रमको सामाजिक परीक्षण समेत पालिकाले गराउने छ ।

(ग) कार्यक्रमको मध्यावधि समीक्षाबाट लक्ष्य अनुसारको उपलब्धि हासिल हुन नसकेको पाइएमा कार्यक्रमको निरन्तरताको बारेमा मन्त्रालयमा रहेको कार्यक्रम निर्देशक तथा सहजीकरण समितिले लिएको निर्णय दुवै पक्षलाई मान्य हुनेछ ।

(घ) पालिकाले कार्यक्रमका सम्बन्धमा उपलब्धि र चुनौतीहरूलाई समेटेर प्रत्येक वर्ष वार्षिक प्रतिवेदन तयार गर्नेछ र सो प्रतिवेदन कार्यक्रम सम्बन्धी एक वार्षिक कार्यशाला आयोजना गरी सार्वजनिक गर्नेछ ।

(ङ) पालिकाले त्रैमासिक रुपमा कार्यक्रमको उपलब्धि तथा खर्चको प्रतिवेदन मन्त्रालय र साझेदार संस्थालाई नियमित रूपमा उपलब्ध गराउने छ ।

## ७. सम्झौताको अवधि

यस सम्झौताको दफा २ मा उल्लिखित अवधि सम्झौताको अवधि हुनेछ ।

८. विवाद समाधान तथा सम्झौता संशोधन प्रारूप

(क) यो सम्झौता कार्यान्वयनका क्रममा कुनै विवाद देखापरेमा आपसी समझदारीमा सम्झौताका बुँदाहरूमा संशोधन गर्न सकिने छ ।

(ख) यस सम्झौताको कार्यान्वयनको क्रममा उत्पन्न हुनसक्ने कुनै विवादको समाधान निर्देशिका तथा प्रचलित कानूनको अधीनमा रही तीनैवटा साझेदार पक्षबीचको आपसी समझदारीबाट गरिने छ । तर, यसरी आपसी समझदारी कायम हुन नसकेमा मन्त्रालयमा रहेको कार्यक्रम निर्देशक तथा सहजीकरण समितिबाट भएको निर्णय नै अन्तिम भई सबैलाई मान्य हुनेछ ।

९. प्रचलित कानून बमोजिम हुने

यो सम्झौतामा लेखिएका विषयहरू यसै बमोजिम तथा नलेखिएका अन्य विषयहरू प्रचलित कानून बमोजिम हुनेछ ।

माथि उल्लिखित शर्तहरूको अधीनमा रही सम्झौता बमोजिमको कार्य गर्न गराउन हामी मञ्जुर भएको भनी आ–आफ्नो तर्फबाट सम्झौता–पत्रमा सहिछाप गर्ने,–

साझेदार संस्थाको तर्फबाट
हस्ताक्षरः
नामः सन्तोष घिमिरे
पदः व्यवस्थापक
कार्यालयः करुणा फाउण्डेसन नेपाल

रोहवरः
हस्ताक्षरः
नामः गीता त्वानावासु
पदः वरिष्ठ अधिकृत
कार्यालयः करुणा फाउण्डेसन नेपाल

रोहवरः
हस्ताक्षरः
नामः रुपा श्रेष्ठ
पदः पालिका संयोजक
कार्यालयः करुणा फाउण्डेसन नेपाल

अपाङ्गता भएका व्यक्तिको प्रतिनिधिको तर्फबाट
हस्ताक्षरः
नामः
पदः
कार्यालयः
सकेला गाउँपालिका

पालिकाको तर्फबाट
हस्ताक्षरः
नामः श्री रवि प्रकाश राई
पदः अध्यक्ष
कार्यालयः साकेला गाउँपालिका

रोहवरः
हस्ताक्षरः
नामः श्री बिर्सिका राई
पदः उपाध्यक्ष
कार्यालयः साकेला गाउँपालिका

रोहवरः
हस्ताक्षरः
नामः श्री दुर्गा बहादुर राई
पदः नि.प्रमुख प्रशासकीय अधिकृत
कार्यालयः साकेला गाउँपालिका